नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय

तानसेन, पाल्पा

☎ ०७५-५२०१०६
e-mail : palpa@dolma.gov.np

प.सं. २०८०/०८१
च.नं. ५८६

मिति: २०८०/०५/२७

विषय: सूचना पठाइएको सम्बन्धमा।

श्री माथागढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, झडेवा, पाल्पा।
श्री रिब्दीकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, खस्यौली, पाल्पा।

प्रस्तुत विषयमा यस कार्यालयको कार्यक्षेत्रभित्र पर्ने साविक माडीरुप्से र भैरवस्थान गा.वि.स अन्तर्गत पुनः नापजाँच भएका जग्गाको नयाँ श्रेस्ता लागू हुने सम्बन्धी सूचना थान-१ यसै पत्रसाथ संलग्न राखी पठाइएको छ। प्राप्त भएपछि ताहाँ कार्यालयको सूचनापाटी तथा वेवसाइटमा समेत सो सूचना प्रकाशित गरी सरोकारवाला सबैमा व्यापक प्रचारप्रसार गरिदिनुहुन अनुरोध छ।

२०८०।५।२७

दुर्गा प्रसाद खनाल
मालपोत अधिकृत

श्री प्रशासन शाखा । कार्यालयको सूचनापाटी तथा वेबसाइटमा सूचना टाँस/प्रकाशित गर्नुहोस् । २०८०/०५/२९

माथागढी गाउँ कार्यपालिका, पाल्पा
दर्ता नं. २४०
मिति : २०८०/०५/२९

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय
तानसेन, पाल्पा

फोन नं. ०७५-५२०१०६ .
e-mail : palpa@dolma.gov.np
website: palpa.dolma.gov.np
fb:www.facebook.com/palpamalpot

प.सं. २०८०/०८१
च.नं. ———

मिति: २०८०/०५/२७

विषय: पुन:नापी बमोजिमको नयाँ श्रेस्ता लागू हुने सम्बन्धी अत्यन्त जरूरी सूचना ।

प्रस्तुत विषयमा विशेष नापी कार्यालय, पाल्पाबाट पुनः नापजाँच गरिएका जग्गाहरूको श्रेस्ता अध्यावधिक तथा हालसाविक कार्यान्वयन गर्ने सन्दर्भमा विशेष नापी कार्यालयबाट नापजाँच भई यस कार्यालयमा नयाँ श्रेस्ता प्राप्त हुन आएका तपसीलमा उल्लेखित गा.वि.स अन्तर्गतका जग्गाहरूको श्रेस्ता अद्यावधिक तथा हालसाविक गर्ने कार्य यहीँ मिति २०८०।०६।०१ देखि लागू गरिने भएकोले तपसीलमा उल्लेखित गा.वि.स अन्तर्गत मोठ श्रेस्ता कायम भई पुनः नापजाँच भएका सम्पूर्ण जग्गाहरूको (श्रेस्ता कायम तथा नामसारी गर्न बाँकी रहेका जग्गाको हकमा सो समेत गराई) श्रेस्ता अद्यावधिक तथा हालसाविक गराएर मात्र अन्य कारोबार गर्नु गराउनुहुन सम्बन्धित जग्गाधनी तथा अन्य सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। पुनश्चः श्रेस्ता अध्यावधिक तथा हालसाविक नहुञ्जेल सो जंग्गाको अन्य कारोबार रोक्का रहने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

२०८०/५/२६
दुर्गा प्रसाद खनाल
मालपोत अधिकृत
मालपोत अधिकृत

तपसील:

१. साविक माडीरुप्से गा.वि.स

२. साविक भैरवस्थान गा.वि.स